Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.

संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

खबर

**बितरक चाहियो**

त्रियुगा नगरपालिका उदयपुरको वडा नम्बर ९ राटमाटे, वडा नम्बर १० बोक्स,करगाछी र नयाँबस्ती क्षेत्रमा मुलुकी दैनिक पत्रिका बितरण गर्ने बितरक चाहियो । सम्पर्क - ९८४२९८५१८८

■ बर्ष-१५, ▶▶ अंक ३२५ ▶▶ जेठ ३१ सोमबार,२०७८, June –14 Monday ,2021, यलेदुङ किरात सम्वत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

# त्रियुगा नगरपालिकाले काम गर्न नसकेपछि विषयान्तर गर्दै

❖ बुद्धि कुमार राई

१






(१) **सडक सोलार बत्तीहरुको बिजोक ।** त्रियुगा नगरपालिका १२ बिसनपुर त्रिवेणी चोकमा त्रियुगा नगरपालिकाले सडक बत्तीको रुपमा राखेको सोलार बत्ती । त्रियुगा नगरपालिकामा सडक बत्ती मर्मतको लागि ७ जना कर्मचारी भए पनि सोलार भुईमा लडेको अबस्थामा छ । (२) नेपाल पत्रकार महासंघ उदयपुरको भवन अगाडी । (३) हिमशिखर हार्डवयर अगाडी । (४) लोकतान्त्रिक पिपलचोक पश्चिम होटल मकालु अगाडी । (५) राष्ट्रिय बाणिज्य बैङ्क अगाडी नगरपालिकाको मुखमा । (६) गाईघाट मुख्य चोकको पूर्वी सानो चोकको दक्षिण कुनामा । (७) नया मुनाल पुस्तक अगाडी पुरानो पेट्रोल पम्प अगाडी ।

*तस्बिरहरु - बुद्धि कुमार राई*




***गाईघाट, जेठ ३०***

त्रियुगा नगरपालिका उदयपुरका जनप्रतिनिधिहरुलाई नगरबासीले केही काम गर्न नसकेको भन्दै सामाजिक सञ्जालमा आक्रोश पोखेपछि मुलुकी दैनिकले नगरप्रमुख मेयर बलदेब चौधरीलाई उनको प्रतिक्रिया लिन उनकै कार्यकक्षमा दुई दिनअघि शनिबार पुग्यो । २०७४ साउन १ गतेदेखि मेयर बनेर आएपछि आफ्नो कार्यकालमा गरेको कामहरुको बारेमा नगरबासीलाई सुचना दिनको - ***बाँकी २ पेजमा***

**ताप्ली गाउँपालिकाको कार्यालयद्वारा**

**गाउँपालिकाबासी जनसमुदायलाई अनुरोध**

१. गाउँपालिकालाई बुझाउनु पर्ने घर, जग्गा, मालपोत दस्तुर, व्यवसाय कर आदि समयमा नै बुझाऔं ।
२. घटना घटेको ३५ दिनभित्र व्यक्तिगत घटना दर्ता गरौं ।
३. सार्वजनिक जग्गा र सम्पत्ति संरक्षणमा गाउँपालिकालाई सहयोग गरौं ।
४. आफ्नो घर-आँगनबाट उत्पन्न फोहरलाई व्यवस्थित गरौं ।
५. इजाजत पत्र लिएर मात्र व्यपार व्यवसायी गरौं तथा उपभोक्ता आचारसंहिता पालना गरौं ।
६. बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
७. विकास निर्माण कार्यक्रममा जनसहभागिता जुटाऔं ।
८. कृषिको व्यावसायीकरण गरौं । खाद्य सम्प्रभुत्व र आत्मनिर्भर गाउँपालिका निर्माणमा सहभागी बनौं ।
९. किसानलाई सम्मान गरौं । जैविक विविधतामा आधारित पर्यावरणीय कृषि पेशा अवलम्बन गरौं ।

**ताप्ली गाउँपालिकाको कार्यालय**

**रुपाटार, उदयपुर**



Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# त्रियुगा ....

लागि मेयर चौधरीलाई मुलुकीले उनकै कार्यकक्षमा साक्षात्कार गर्यो। कुराकानीमा नगरप्रमुख मेयर चौधरीले आफ्नो ५ बर्षे कार्यकालको बितेको ४ बर्षमा गरेको कामहरुको फेरिस्त सुनाए । उक्त कामहरुको बारेमा नगरबासी तथा नागरिकले सुनेर पुन कडा प्रतिवाद गर्दै नगरपालिकाले गर्न सक्ने कामहरु पनि गर्न नसक्को आरोप लगाए।

हुन पनि नगरपालिकाले सामान्य नगरवासीको प्राथामिक आबश्यकतालाई पनि ख्याल गरेको पाइएन । त्रियुगा नगरपालिकाका १२ जना सरसफाईकर्मीहरुलाई मुलुकीले समाचार लेखेपछि सरसफाई गर्दा हातमा लगाउने पञ्जा दियो । सामान्य सडक बत्तीहरु अहिले लथालिङ्ग अबस्थामा छ । नगरपालिकाको सडकको बिजुली बत्ती मर्मत गर्ने ७ जना कर्मचारीहरु अहिले कहाँ छन् नगरबासीले देखेका छैनन्। एक लाख ३ हजार परेको सोलार सडक बत्तीको सोलार प्यानल हावाले उडाएर बेपत्ता पार्दा सम्म पनि ति बिजुली मर्मत सम्भार गर्ने ७ जना कर्मचारीहरु कोरोनाकको कारण कोठामा छन की सुतेका छन् । नगरबासीले पत्तो पाएका छैनन्। नगरपालिका भित्रको सडक बारेमा नगरबासी कति आक्रोशित छन् कि भनी साध्य छैन । नगरवासीले अहिले मर्मत गर्दै गरेको सडक समेत नबनाउन उर्दी जारी गरे। बजारको सुरक्षाको निम्ति राखिएको करिब ४० बढि सिसि क्यामेराहरुको बारेमा नगरपालिका बेखबर छन् मर्मतको कुरा टाढाको कुरा । उप - प्रमुख देवि चौधरीलाई सडक सोलार बत्तीको बारेमा बुझ्दा उनी आफु जानाकार नभएको बताईन । अहिले यति धेरै नगरपालिकाको समस्यालाई थाती राखेर त्रियुगा नगरपालिका भने गाईघाटको बजारको मुख्य चोकमा गाईको मुर्ती साउन १ गतेदेखि बनाउने भनेर सुचना जारी गरेर नगरपालिकाको समस्यालाई बिषयान्तर गर्न खोजिरहेको छ। यस अघि पनि पटक-पटक विभिन्न किसिमको चोक बनाउँदै भत्काउँदै गरेको मुख्य चोकमा गाईको मुर्ती बनाउछु भन्दैछ नगरपालिका । नगरपालिका नगरवासीको समस्यालाई पन्छाएर नगरवासीको ध्यान गाईको मुर्ती बनाएर अल्मलाउन खोजेको छ ।

मुख्य चोकको बारेमा युवा मुकेश राई आफ्नो फेस्बुक स्टाटसमा लेख्छन् - विकसित मूलुकहरुमा चाँही यस्तो सडकको बिच,चोकमा मात्र होईन सडकको छेऊमा पनि कुनै संरचना वा मूर्तीहरु राख्ने कुरा कल्पनामा नै पर्दैन किन भने यस्तो संरचनाहरुले गर्दा सडक दुर्घटना हुने,सडकमा सवारीसाधनलाई असहज हुने र सडकको सुन्दरता पनि नहुने हुँदा यस्तो निर्माण कहि पनि गरिँदैन । बरु सहर बजारको हरेक ठाँऊहरुमा हिँडेर ५/१० मिनेटको अन्तरमा पुग्न सकिने ठाँऊहरुमा पार्क बनाएर यस्ता बिभिन्न बिशेषता झल्किने स्तम्भ र मूर्तीहरु बनाईदो रहेछ। अनि त्यही पार्कहरुमा बाल बच्चा,बृद्ध-बृद्धा र आम मान्छेहरु बिहान-बेलुका घुम्ने रमाउने,पार्कमा बस्नको लागि बेन्चहरुको ब्यवस्था खानेपानी,शौचालयको ब्यबस्था, सानो-सानो पोखरीहरुको निर्माण र कलात्मक तरिकाले ईन्जिनियरिङ गरेर पार्कहरु सजाईन्छ । प्रत्येक मौशमहरुमा फरक-फरक फूलहरु फूलिरहने हुदोरहेछ। तर हाम्रोमा बिडम्बना त्यो सोंच नै छैन ब्यबहार त धेरै परको कुरा....अनि सडकको बिच-बिचमा संरचनाहरु बनाईन्छ। पार्क बनाउन मिल्ने जमिनहरु कङक्रिटहरु ठड्याईन्छ......जय समृद्धी....!!!!

कलाकार मुर्तिकार बिक्रम श्री आफ्नो फेस्बुक स्टाटस लेख्छन् - पूर्व मेयर लालशेर राइज्यू , त्रियुगा नगरपालिकाका अधिकृतज्यू र पत्रकार महासंघका पदाधिकारी साथिहरु सहित सघन छलफल गरि घण्टाघर सहितको त्रियुगा सभ्यता झल्कने मोनुमेन्ट गाइघाट चौकमा राख्ने सल्लाह भएको थियो । टप मा लाइट टावर र कलम ( सोलार रङ्गीन बत्ति जो त्रियुगाको हरेक स्थानबाट देखिने) तल्लो भाग सडकको निति नियम अनुसार यातायात आवागमनमा नछेलिने गरी मध्य खालि भागमा गाई गोरु र बाछाबाछीले पानी पिउदै गरेको प्रतिमा राख्ने भनेर मैले रेखान्कन सहितको योजना पत्रकार महासंघका तत्कालीन अध्यक्ष महेश्वर चालङ राई लाई हस्तान्तरण गरेको थिए । तलको डिजाइन सोही रेखांकन अनुसारको हो (गाइको प्रतिमाको स्वरुप उल्लेख गरिएको छैन । )


मलाइ नै गराउनु भन्ने त होइन तर कलात्मक डिजाइनको सृजना प्राबिधिक साथी भन्दा कलाकारले गरुन । - प्यारो उदयपुर उदयपुर सुन्दर होस ।

अर्का तेजबिक्रम मल्ल लेख्छन् - त्यो खर्च गर्न जरुरी छैन बरु अक्सिजन प्लान्टलाई दिउ त्यो खर्च राम्रो काम हुन्छ। स्वाङ पार्न जरुरी छैन । गरिब किसानहरुलाई स्थानिय जुरेगाई गोरु किनेर गाई दिउँ गोरु संरक्षण यसरी हुन्छ। गहुँतको प्रयोग गरौं। बोध कुमार घिमिरे कमेन्ट गर्छन् - यो काम वाहियात खर्च हो ! बिच सडकमा दुर्घटना निम्त्याउन ! ट्राफिक प्रहरिलाइ सिठ्ठी फुक्दाको सास्ती ! नेपाल पत्रकार महासंघ उदयपुरका उपाध्यक्ष पर्शुराम थापा बनाउने होर ? भनेर ब्यङ्ग्य गर्छन । त्यसो हो भने जर्सी गाई होईन । लोकल कोईली गाईले बाछीलाई दुध खुवाउदै पुच्छर चाट्दै गरेको बनाउँदा राम्रो । यो काम कलाकारको हो । जुझ्न लागेको जर्सी जस्तो बनाएर हुदैन । सन्जय सिग्देल लेख्छन् भविष्यमा यो स्थानमा आकाशे पुल आवश्यकता होला। गाईको प्रतिमा ज्ञान विज्ञान कुञ्ज परिसर/पार्क वा अन्यत्र कतै बनाउदा हुन्छ। ओम श्रेष्ठ चाहिँ ट्राफिक लाईट राखि त्यसमा चारै तिर सिसि क्यामारा जडान गर्नु पर्छ सुरक्षाको दृष्टिले पनि उपयुक्त हुन्छ। खासमा यो सडक मदन भण्डारी हाईवे हो । हाईवेमा यस्ता खाले कुनै प्रतिमा राखिनु हुँदैन । भोली सडक सानो भएर दुर्घटना हुने हुँदा बेलैमा भविष्य प्रति सचेत रहने कि.. सकिन्छ भने आकासे पुल बनाऊ। दुरदृष्टि कायम गरौं । पत्रकार गजेन्द्र बुढाठोकी लेख्छन् १. गाईघाटका प्रथम नगरपिता लालसेर राईको राख्न सुझाव छ। गाईघाटलाई नगरपालिका बनाउने, व्यवस्थित बनाउनमा उहाँको योगदान छ। २. गाईकै राख्ने भए स्थानीय जातका राख्नुस । यो अस्ट्रेलियन गाई राखेर के जनाउन खोजेको । बाच्छासहितको स्थानीय गाई ।गजेन्द्र बुढाठोकी १. गाईघाटका प्रथम नगरपिता लालसेर राईको राख्न सुझाव छ। गाईघाटलाई नगरपालिका बनाउने, व्यवस्थित बनाउनमा उहाँको योगदान छ। २. गाईकै राख्ने भए स्थानीय जातका राख्नुस । यो अस्ट्रेलियन गाई राखेर के जनाउन खोजेको हाजुब । बाच्छासहितको स्थानीय गाई राख्नु खोजेको हो ।

नबराज खड्काको चाही गाईघाटका प्रथम नगरपिता लालसेर राईको राख्न सुझाव छ । गाईघाटलाई नगरपालिका बनाउने, व्यवस्थित बनाउनमा उहाँको योगदान छ। टिका पोउडेल भन्छन् यो त राम्रो नै छ तर गोलो घेरामा शिसालगाएको ट्राफिक प्रहरी बसेर गाडी हातहल्लाएर चलाउन मिल्ने बनाई माथीबाट गाईको तस्बीर बनाउदा राम्रो हुन्छ र सबैले हेर्न लाएक हुन्छ । किसन राई कमेन्ट गछन् यो गाई, गोरु, भेडा, बाख्रा, सुङ्गुर कुकुर, बिरालो राखेर यसले केही सन्देश दिदैन बरु गाइघाटको अहिले को बिकसित रुप जुन हामीले उपभोग गरिरहेका छौ । हाम्रा सन्ततीले पनि उपभोग गरिरहनेछ छ । यहाँ को शिक्षा ,स्वास्थ्य ,खेलकुद, समाज सेवामा जस्ले विशिष्ट योगदान पुर्याउनु भएको छ । उहाँहरूको प्रतिमा राख्दा उपयुक्त हुनेछ। यस्ले आउँदा दिनमा हाम्रा सन्तती हरुमा पनि केही असल काम गर्ने प्रेरणा मिलोस । र असल काम गर्ने मानिस कहिले मर्दैन भन्ने सन्देश पनि जावोस। जसरी हामी मदन भण्डारी ,बि.पि.कोइरालालाई जिबन्त राख्न राष्ट्रिय स्तर मै वहाँहरुको नाममा राजमार्ग ,भवन,प्रतिमा बनाउँछौ ।समाजसेवी,मुर्धन्य,विशिष्ट ब्याक्तीहरु कसैको ब्यक्तिगत हुदैनन्। ती सबैका साझा हुन्छन् । जस्त, लक्ष्मी प्रसाद,सत्य मोहन,नारायण गोपाल ,बि.पि,मदन भण्डारी ,,,


किश थुलुङ म चाहिँ गाईको हैन यो सहर बनाउन जीवन बलिदान गर्ने ब्यक्तिहरुको प्रतिमा राख्न सल्लाह दिन्छु किनकी गाईको मुर्ति बनाउँदा कसैलाई पनि चासो हुदैन येसो हेर्छन आखालाई एक छिन रमाइलो हुन्छ । तर हामिले ती बलिदानी दिने ब्यक्ति हरुको प्रतिमा राख्यौ भने सबैलाई चासो हुन्छ कि यो ब्यक्तिको प्रतिमा किन बनायो ? उसले के काम गर्यो ?...अन्त्यमा राम्रो काम गर्यो भने यसरी सबैले सम्मान गर्दा रेहेछन भन्ने हुन्छ र सबै बच्चादेखि वृद्धसम्मलाई असल संदेश जान्छ। पछि मेयर बलदेव चौधरीकै पनि राख्न सक्छन पछिल्लो पुस्ताले । त्यस्तो प्रतिमा बनाऔं कि सबैलाई आफ्नो जिवनमा मर्नुभन्दा अघि नै मैले केही असल काम गर्नुपर्छ भनेर चेतना पलाओस । गाईको मुर्ति बनायर गाईकै मात्रै प्रसंशा हुन्छ तर कसैलाई पनि असल संदेश जादैन ।

हिमाल बस्नेत चाँही लेख्छिन गाईघाटलाई परिचय दिने खालको प्रतिमा र कुनै ठाउँको भन्दा नौलो होस,जसलाई हेर्दा मनै आनन्दित होस । कुमार खड्का लेख्छन् निकै लामो अवधि भयो यहि पुस्तामा बन्ने हो ? कि राय मात्रै मागी रहने । पत्रकार कुमार मोते चाही अगाडी गाई र पछाडी आदिवासी थारु, राई जातीका हलो बोकेको भुमि पुत्र किसानहरुको प्रतिमा सहित राख्दा के होला ?? सुझाव मात्रै हा। नवीन राईको मत चाही यस्तो छ। सुझावले परिवर्तन न होला राम्रैगरी हेरविचार गेरर नै डिजाइन बनाएको होला । यो डिजाइनले सबै नगरवासीको उच्च सम्मान गरोस। भक्तिबिलास पोखेरल भन्छन् यसरी दुइटा गाई राख्नु शोभनिय हुदैन । गाई र दूध खादै गरेको बाछो होस । माउले पूर्वबाट दक्षिणतर्फबाट मुन्टो बटारेर पश्चिम फर्किएर बाछोलाइ चाट्दै गरेको देखियोस। गाइको रङ्ग रातो वा कैलो राखेको राम्रो हुन्छ । पुर्ण खड्का भन्छन यो काम सराहनीय छ तर नगरपालिकाको प्राथमिक्तामा केन्द्र सरकार जस्तो भ्युटावर ,पार्क सालिकमा मात्र नबनाई जनताको प्रत्यक्ष जनजिविकाको क्षेत्र पनि परोस । महेश प्रसाद रेग्मी चाहि भन्छन आजकाल जहाँसुकै स्थानीय स्तरको पहिचानको होडबाजी नै चलेको छ। त्यो सँगै कंकृट निर्मित संरचनाले शहरलाई प्रदुषित बनाउँदै लाने कुरालाई पनि नकार्न सकिन्न । त्यसकारण मेरो ब्यक्तिगत विचारमा गाईको प्रतिमुर्ति त्रियुगा शान्तिधाममा गेट निर्माण गरि त्यहाँ राख्ने र मेन चोकमा निकट भविष्यमैं मदन भण्डारी राजमार्ग अति ब्यस्त रहने कारणले छरितो किसिमको आधुनिक उपकरण सम्पन्न (जस्तै - लाईट, सिसिक्यामेरा आदि जडित) ट्राफिक बिट बनाउउनु नै उपयुक्त हुन्छ भन्ने लाग्छ ।









Generated by Foxit PDF Creator © Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# कोविडले बृद्धको मृत्यु ,२२ नयाँ संक्रमित, ८३ जना निको

❖ मुलुकी संवाद्दाता

*उदयपुर, जेठ ३०*

आईतबार २४ घण्टामा कोविड संक्रमणबाट उदयपुरमा एक बृद्धको मृत्यु भएको छ । स्वास्थ्य कार्यालय उदयपुरका अनुसार गत २३ गतेदेखि उपचाररत रहेका त्रियुगा नगरपालिका १० का ७४ वर्षीय बृद्धको आँखा अस्पताल गाईघाटको आईसोलेसन सेन्टरमा उपचारको क्रममा मृत्यु भएको हो ।

स्वास्थ्यका अनुसार पछिल्लो २४ घण्टामा ८ महिलासहित २२जना नयाँ संक्रमित थपिएका छन् । नयाँ संक्रमितहरु त्रियुगाका १३ र कटारीका ९ जना छन् । यो सँगै जिल्लामा सक्रीय संक्रमितको संख्या ५ सय ११ मा झरेको छ । जसमा महिला २ सय ३५ छन् । अघिल्लो दिन ४५ नयाँ संक्रमित थपिदा सक्रीय संक्रमित २ सय ६६ महिलासहित ५ सय ७४ थिए ।

गएको २४ घण्टाभित्र निको हुनेको संख्या १ हजार १ सय ९५ पुगेको छ । जसमा महिला ५ सय ३४ र बाँकी पुरुष छन् । अघिल्लो दिन निको हुनेको संख्या ४ सय ९६ महिलासहित १ हजार १ सय १२ थियो । हालसम्म जिल्लामा निको हुनेको संख्या ३ पुगेको छ । जसमध्ये ३ जना महिला छन् । अघिल्लो दिन १ सय ३७ जना संक्रमित निको भएका थिए ।

हाल त्रियुगाका २ सय ४१ महिलासहति ५ सय ४८ जना निको भएका छन् भने १ सय महिलासहित २ सय ३० जना उपचारमा छन् । कटारीका ५७ महिलासहित १ सय २८ निको हुँदा १० महिलासहित ३३ उपचारमा छन् ।

बेलकाका ७० महिलासहित १ सय ३९ जना निको भईसकेका छन् भने उपचारमा ४९ महिलासहित ९५ जना छन् । त्यस्तै चौदाण्डीगढी नगरपालिकाका ८७ महिलासहित १ सय ८४ जना निको हुँदा ४६ महिलासहित ८७ जना उपचारमा रहेको स्वास्थ्यले जनाएको छ ।

गाउँपालिकातर्फ २८ महिलासहित ६ जना रैतामाईका संक्रमित निको भईसकेका छन् भने ६ महिलासहित ९ जना उपचारको क्रममा छन् । लिमचुङबुङका ३५ महिलासहित ६ जना निको भईसक्दा १५ महिलासहित ३७ जनाको उपचार भईरहेको छ भने उदयपुरगढीका १३ महिलासहित ३५ जना निको हुँदा ७ महिलासहित १८ को उपचार भईरहेको छ । सबभन्दा कम ताप्ली गाउँपालिकामा ३ महिलासहित १० जना निको हुँदा १४ जना संक्रमित रहेका छन् ।

स्वास्थ्य कार्यालयमा भने मृतकको संख्या १५ महिलासहित ४७ जना पुगेको जनाए पनि जिल्ला प्रहरी कार्यालय उदयपुरको अभिलेखमा भने मृतक संख्या ५० रहेको छ । उदयपुर घर भई अन्य जिल्लामा संत्रमित भई मृत्यु हुनेहरुसमेत गरी यो संख्या यकिन गरिएको प्रहरी प्रमुख एसपी भीम दाहालले बताएका छन् ।




मनोज कार्की (वडाध्यक्ष)
उदयपुरगढी गाउँपालिका- ३
को कार्यालय , उदयपुरगढी

खाना पकाउने ग्यास (एल.पी. ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी
नेपाल आयल निगम लि. को
अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्यासको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्साना सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रबर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौं । साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं ।
४. खाना पकाउदा सधैं झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौं ।


ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नु पर्दछ । ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुलोको नब बन्द गरौं ।
२. झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने वस्तुहरु जस्तै ग्यास चुल्हो, सलाई, लाइटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।
३. ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यास विक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं ।


"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो !"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
०१-४२६३४८५, ४२६३४८१




इन्द्रबहादुर राउत (वडाध्यक्ष)
उदयपुरगढी गाउँपालिका- २
को कार्यालय , उदयपुरगढी




टंक श्रेष्ठ (वडाध्यक्ष)
उदयपुरगढी गाउँपालिका- ८
को कार्यालय , उदयपुरगढी

Generated by Foxit PDF Creator @ Foxit Software
http://www.foxitsoftware.com For evaluation only.



# रुखको हाँगाले किचेर राईको मृत्यु

❖ मुलुकी संवाददाता



उदयपुरको एक सामुदायिक वन समूहको रुखको हाँगोले किच्दा कामदारको मृत्यु भएको छ। बागेश्वरी सामुदायिक वन उपभोक्ता समूह त्रियुगा नगरपालिका ७ पानीधारेस्थित जंगलमा रुख काट्ने क्रममा हाँगोले किच्दा खोटाङको हलेसी तुवाचुङ नगरपालिका ८ धितुङका २२ वर्षीय सरोज राईको मृत्यु भएको प्रहरीले जनाएको छ।

आईतबार मध्यान्ह १२:०० बजेको समयमा रुख ढाल्ने कामदार रहेका राईको घट्नास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। प्रत्यक्षदर्शी कामदारलाई उद्धृत गर्दै प्रहरीले जनाए अनुसार ढालेको रुखको हाँगो टाउकोमाथि बज्रन पुग्दा राईको तत्काल मृत्यु भएको हो। प्रहरीका अनुसार डिभिजन वन कार्यालय उदयपुरबाट कटान आदेश लिएर वन समूहले रुख काट्न खटाएका मजदुरमध्ये राई पनि एक थिए।

घट्नाबारे बुझेर सर्जमिन मुचुल्का तयार गर्नका लागि जिल्ला प्रहरीले निरीक्षक कमाण्डको टोली घट्नास्थल खटाएको जनाएको छ। घट्नाबारे कानुनी प्रक्रिया पुरा गरेपछि टोलीले मृतकको लास पोष्टमार्टमका लागि जिल्ला अस्पताल गाईघाट ल्याउने तथा आफन्तलाई खवर गर्ने तयारी गरिरहेको जिल्ला प्रहरी प्रमुख एसपी भीम दाहालले बताएका छन्।










माझखर्क साप्ताहिकको सह-प्रकाशन.. मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई (बुद्धि चामलिङ राई)
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोन:- ०३५-४२०३९४/९८५२८३५८८८
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट